जि.प्र.का.द.नं.:४८/०७३/०७४

साप्ताहिक

# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly

वर्ष ५, अंक १८, कातिक ७ गते आइतबार २०७८, 24 October Sunday 2021






बागलुङ नगरपालिका वडा नम्बर ६ भान्सा सिमबाट देखिएको सुन्दर धौलागिरी हिमाश्रृखला।
-तस्विर: नवीन शिशिर विक/जननिगरानी साप्ताहिक

## पर्यटन पूर्वाधारले रोकियो गाउँको बसाइँसराई

जननिगरानी संवाददाता
बागलुङ

भुगर्भ शास्त्रमा स्नातक गर्नुभएको बागलुङ नगरपालिका-७ निवासी २८ बर्षिय प्रदिप गौतम जागिरको खोजीमा लाग्नुभएन। चितवनमा स्नातक तहको पढाई सकेर गौतम आफ्नै गाउँ फर्केर होटल व्यवासाय अंगाल्नुभएको छ।

बागलुङ नगरपालिका-६ पञ्चकोटमा पर्यटन पूर्वाधार तयार भए पछि भान्सा, सिम क्षेत्रमा दैनिक आन्तरिक तथा बाह्य पर्यटकको चहल पहल बढ्यो। गाउँमै पर्यटकको चाप बढे पछि त्यही मौकालाई अवसरमा बदल्दै गौतमले पञ्चकोट नजिकै तीस लाख रुपियाँ लगानी गरेर होटल खोल्नुभएको हो। कुनै समय अनकन्टार, चितुवा लुक्ने भिरको रुपमा परिचित पञ्चकोटमा स्वामी कमलनयन आचार्यको पहलमा आकर्षक पर्यटकीय पूर्वाधारको निर्माण पश्चात सो क्षेत्रको चर्चा चुलिएको छ।

पञ्चकोटमा राखिएको बिशाल हनुमानको प्रतिमा, कशल, कलात्मक मठ मन्दिर, गरुडशिला, गुफा पञ्चकोट क्षेत्रका मानव निर्मिण पर्यटकीय आकर्षण हुने भने भान्सा, सिम र पञ्चकोटबाट आँखै अगाडी देखिने धौलागिरि, माछापुच्छे हिमालका दन्तते लहर हिमालय रेन्जले प्रकृति प्रेम पर्यटकलाई मोहित बनाउँछ।

**स्वदेश तथा विदेशमा पञ्चकोट क्षेत्रको चर्चा चुलिए पछि पञ्चकोट आसपासको बस्ती भान्सा सिम गाउँको बसाइँ सराई रोकिएको छ।**

स्वदेश तथा विदेशमा पञ्चकोट क्षेत्रको चर्चा चुलिए पछि पञ्चकोट आसपासको बस्ती भान्सा सिम गाउँको बसाइँ सराई रोकिएको छ। युवा पुस्ताले पर्यटकीय सुन्दरता र पञ्चकोटमा आउने पर्यटकलाई लक्षित गरी किराना पसन, साना होटल, रेष्टुरेन्ट खाजा घर तयार गरी व्यवसाय गर्न थालेका छन्।

'पढने बेलामा गाउँ छोडेर चितवन नै बस्ने मन थियो' गौतमले

............बाँकी ६ पेजमा

## ढोरपाटनमा पहिलो यामको शिकार सुरु

जननिगरानी संवाददाता
बागलुङ

नेपालको एक मात्र वैधानिक शिकार क्षेत्र ढोरपाटन शिकार आरक्षमा यस वर्षको शिकार पर्यटन सुरु भएको छ। यस वर्षको पहिलो शिकार कार्तिक २ गतेदेखि मंसिरसम्म २५ गतेसम्म हुने भएको छ।

ढोरपाटन शिकार आरक्षण लाइफ फिटर, ट्र्याक्स एन्ड ट्रेल प्रालि र ट्राभल एक्स्पिडिसनका तर्फबाट विभिन्न देशका सात सिकारीले सिकार गर्न 'हन्टिङ बुकिङ लाइसेन्स' लिएका छन्। उनीहरूले कात्तिक २ देखि मंसिर २५ गतेसम्म आरक्षले तोकेका विभिन्न ब्लकमा रहेर सिकार खेल्न पाउनेछन्।

ढोरपाटन शिकार आरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलका अनुसार पहिलो



बागलुङमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस वर्षको पहिलो शिकारयामका लागि ७ नाउर र ५ वटा झारलको शिकार अनुमति दिएको छ। विभागका अनुसार हिमालय सफारी, हिमालयन वाइल्ड यामममा नेपाल ट्राभल एक्पिडिसन, हिमालयन सफारिज, हिमालयन वाइल्ड लाइफ फिटर र ट्याक एण्ड ट्रेल्स कम्पनीमार्फत फेन्च, युक्रेन, मेक्सिकन र रुसी शिकारका लागि


............बाँकी ६ पेजमा

के तपाई सनुचाँदीका गहना किन्ने सोचमा हुनुहुन्छ ? त्यसो हो भने हामीलाई सम्झनुहोस्

**शुभलक्ष्मी सुनचाँदी गहना पसल**

बा.न.पा.-२, जिपपार्क, बागलुङ

हाम्रा सेवाहरु:



१) आधुनिक मेशिनको माध्यमद्धारा शुद्ध छापावाल सुनका गरगहना तयारी पाउनुका साथै अर्डर बमोजिम तैयार गरिन्छ।
२) बेरुवा बाला, रिङ्ग, औंठी आदि सादा माला मेशिनद्धारा तैयार गरिन्छ।
३) कम्प्युटर तौल गरी बिल सहित दिने र लिने गरिन्छ।
४) अनुभवी कारीगढबाट पुरानो गहना देखि नयाँ गहनासम्म बनाउने गरिन्छ।
५) सम्पूर्ण आधुनिक वा पुरानो गहना बिना रसायन बनाइन्छ। ६) पुरानो गहनाले नयाँ गहना साटफेर पनि गरिन्छ। ७) सुन चाँदी खरिद बिक्री पनि गरिन्छ।

सम्पर्क: ०६८-५२२५५८/९८५७६२८८५८ | प्रो: धना सुनार

**सृष्टि इलेक्ट्रीक एण्ड मर्मत**
जिपपार्क, बागलुङ




बिजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलाई सम्झनुहोस्। साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ।



प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११

Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभस्को छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभस्को छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं।



**Subarashii Language Institute**

हाम्रा विशेषताहरु: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



- ✔ एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने।
- ✔ तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- ✔ अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने।
- ✔ प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- ✔ न्युन खर्चमा अप्लाई गरिने। ✔ अनुभवी प्रशिक्षक द्वारा अध्यापन गराईने।

**शुभरासी ल्याङगुयज ईन्सटिच्युट**

धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अव हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्षः खिमबहादुर कार्की
सम्पादकः नविन शिशिर वि.क.
अतिथि सम्पादकः दिल शिरीष
सह-सम्पादकः अर्जुन कार्की
कार्यालयः काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालयः बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बरः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेलः Jananigrani.bgl@gmail.com
मुद्रणः नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# वैदेशिक रोजगारीमा बढ्दो ठगी !

बढ्दो बेरोजगारी समस्या समाधान गर्न नेपाल सरकारले विश्वका ११० वटा देशमा रोजगारको लागि अनुमति प्रदान गरेको छ । रोजगार खुला भएका देश मध्य अफगानिस्ता र इराक तत्कालको लागि रोक्का गरिएको छ । श्रमिको सुरक्षाको दृष्टिले जोखिम भए पछि हाल दुई देश प्रतिबन्धीत छ । यस्तै नेपालीको मुख्य गन्तव्य खाडीमा महिलाहरुको लागि रोजगारीमा जान बन्देज छ । वैदेशिक रोजागरी नेपालीहरुको बाध्यताको उपज हो । विदेशमा जाने र त्यहाँ श्रम गर्नु आफैमा नराम्रो विषय होईन । विश्वसँग प्रतिस्पर्धा गर्नु, सिपयुक्त जनशक्ति विश्व बजारमा फैलनु राम्रो हो तर हामी नेपाली सामान्य घर परिवारका दैनिकी टार्ज जोखिम युक्त, सीप विहिन कामदारको रुपमा बढी परिचित छौं ।

नेपाल सरकारले खाडी मुलुकमा जानको लागि नि:शुल्क भिसा, नि:शुल्क टिकटको व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन । खाडी जानको लागि चार पाँच लाख रुपियाँसम्म खर्च गर्नुपर्ने बाध्यता छ । सरकारले तोकेको सेवा शुल्कमा मेनपावर कम्पनीले काम गर्दैनन । श्रमिकलाई उल्टो थर्काउने, मागे जति पैसा नदिए विदेश नपठाउने, पैसा दिएको रसिद नदिने जस्ता अनैतिक र गैरकानुनी काम भैरहेका छन् । जसरी पनि विदेश छिर्ने हुटहुटीले धेरै युवाहरु आर्थिक बोझमा परेका छन् । ठगीमा परेका छन् । विदेशमा आकर्षक काम लगाई दिने, उक्त काममा आकर्षक तलव हुने, युरोप छिराउने, त्यहाँ छिटो कार्ड बनाउन सहयोग गर्ने जस्ता मिठा र चिल्ला कुराको पछि लागेर ठुलो पैसा ठगी हुने गरेका छन् । विदेश जान चाहनेले पैसा दिएको प्रमाण नराख्दा ठगीमा परे पछि न्याय पाउन कठिन भएको छ ।

एजेन्टलाई सबै पैसा हातमा दिने, एजेन्ट भन्दा बाहिरको व्यक्तिको नाममा, पसलको नाममा पैसा जम्मा गरिदिने, रकम जम्मा गर्दा त्यसको प्रयोजन नखुलाउने जस्ता प्राविधिक समस्याको कारण ठगीमा परेकाहरु न्यायको ढोकासम्म जान समेत कठिन छ । विदेशको चक्करले मान्छेलाई यतिसम्म लचकदा हुन्छन की युरोप पठाउँछु भने पछि एजेन्टको व्यक्तिगत विरणसमेत थाहा नभए पनि लाखौं पैसा दिन तयार छ । यसले गर्दा कठिन परेको अवस्थामा गठी गरेको व्यक्तिको पहिचान गर्नसमेत कठिन छ । आफ्नो तालाचावी बलियो लगाउनु छिमेकीलाई शंका नगर्नु भने झै कसैसँग पनि आर्थिक कारोबार गर्दा प्रमाण राख्ने विषयमा बढी ध्यान दिनुपर्छ । यदि ठगीमा परेको खण्डमा न्याय माग्न जाने आधार नै प्रमाण हो । त्यसैले विदेश जाने बहानामा भएका ठगी न्युनिकरण गर्न सरकारले पनि प्रभावकारी सुचना तल्लो तहसम्म पुर्‍याउनु आवश्यक छ । विदेश जान खुट्टा उचाल्नेहरुले पनि प्रमाण राख्ने र जुटाउनु बिषयमा विशेष ध्यान दिनु अनिवार्य छ ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः जनकराज पौडेल (९८५७६२०६४९)
उपप्रमुखः सुरेन्द्र खड्का (९८५७६२०१६६)

**जैमिनी नगरपालिका**
प्रमुखः इन्द्रराज पौडेल (९८४७७२९५३६)
उपप्रमुखः लिला राना (९८५७६२२२४३)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः रेनुका काउचा (९८५११४०८७९)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः करमति पुन मगर (९८४६८३८१९०)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८४७६३७१७४)

**ताराखोला गाउँपालिका**
अध्यक्षः प्रकाश घर्ति मगर (९८५७६६६११२६)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६७०१८४)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६८३०६०)

**बडिगाड गाउँपालिका**
अध्यक्षः मेहरसिंह पाईजा (९८४६८८३४६५)
उपाध्यक्षः अमर बहादुर श्रीस (९८४७२००३९८)

**निसीखोला गाउँपालिका**
अध्यक्षः तारानाथ शर्मा (९८०६१९७५११)
उपाध्यक्षः शोभा कुमारी कार्की (९८४७७२९८६६)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः मानसरी शेरचन (९८६७६०५३९१)

# वर्षातले किसानलाई परेको बज्रपात र क्षति कम गर्ने उपाय




पछिल्लो समयको बेमौसमी वर्षातले कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा करिब ७ प्रतिशत हिस्सा रहेको धानबालीलाई नमराम्ररी असर गरेको छ । यसले धान उत्पादन घट्ने निश्चित छ ।

नेपालमा व्यापक श्रमिक अभाव हुँदा पनि सबैजसो धानखेती हुने जमिनमा रोपाईं हुने गरेको छ । जिल्लागत रुपमा हिमालपारिका जिल्लाहरु मनाङ र मुस्ताङबाहेक सबै जिल्लामा धानका फाँटहरु देख्न सकिन्छ । स्थानीय वातावरण, संस्कृति र अनुकुलताको आधारमा नेपालमा चैते, बर्खे र बोरो गरी तीन सिजनमा धानखेती हुँदै आइरहेको छ । प्रि-मनसुन, पोष्ट मनसुन र वर्षाको मात्रा धानखेतीमा अति नै महत्वपूर्ण हुन्छन् ।

नेपालको चैते सिजनको धानखेती हुने क्षेत्रमा छोटो अवधिमा पाक्ने धान मन पराइन्छ । सामान्य अवस्थामा छोटो अवधिको जातको उत्पादकत्व कम हुन्छ । तर सूर्यको प्रकाश पर्याप्त हुने सिजनका कारण चैते धानको उत्पादकत्व छोटो अवधिको धानमा पनि बढी हुने गरेको छ ।

प्रायः फागुनमा ब्याड राखी जेठ अन्तिम हप्तादेखि असार पहिलो हप्तामा भित्र्याइने चैते धानले भित्र्याउने बेलामा मनसुन भेट्टाएमा धान र परालको गुणस्तर बिगारी बजार भाउमा प्रत्यक्ष असर गर्दछ । जतातत‍ै पानी र अर्को वर्षे धानको रोपाईंको चटारोले गर्दा कृषकले धानको सही व्यवस्थापन गर्ने समय पाउँदैनन्, जटिलता हुँदा धानको मूल्य बार्गेनिङ पावर घट्न जान्छ र वर्षेको आधा मूल्य पनि नपाउने अवस्था आउँछ ।

सरकारले चैते धानमा न्यूनतम् समर्थन मुल्यसमेत तय गर्ने गरेको छैन । अगौटे तरकारी लगाउने क्षेत्रबाहेक अधिकांश ठाउँहरुमा छोटो अवधिको भन्दा लामो अवधिको वर्षे धानखेती हुन्छ । मनसुन सकिने समय भित्र्याउन उपयुक्त हुने हुनाले पनि तुलनात्मक लामो अवधिको जातको धान मन पराइएको देखिन्छ ।

यो स्थानीय आवश्यकता र पछि लगाउने बालीको प्रकृतिमा निर्भर गर्दछ । तर यस वर्ष चैते धानले जस्तै वर्षे धानले पनि पूरै मनसुन छल्न सकेन, धान पाकी भित्र्याउने तरखरमा भएका कृषकहरुलाई पोष्ट मनसुनका कारण निरास बनाएको छ ।

केही धान भित्र्याइएको छ । पराल स्याहार्न चुनौती भएको छ । कहीं धान काटेर चुट्ने र भित्र्याउने कामका लागि सुकाइएको छ त कहीँ धान ढलेर व्यवस्थापनमा चुनौती खडा भएको छ ।

पानी परिरहेको छ र क्षति बढिरहेको छ । अहिलेको सबैभन्दा बढी क्षति हुने भनेको काटेर सुकाएको र थ्रेसिङ्ग गर्न बाँकी धान नै हो । यो अवस्थामा आंशिकदेखि पूर्ण क्षति समेत हुनसक्छ । पाक्ने बेला ढलेको धानबाट पनि ४०% सम्म उत्पादन घट्ने अध्ययनहरुले देखाएका छन् ।

धान पानी धेरै सहनसक्ने बाली हो । पर्याप्त पानी भएन भने धानको उत्पादकत्व घट्छ । तर बालामा दुध पसिसकेपछि जब धान पुष्टिन्छ, धानको लागि पानी आवश्यक हुँदैन । फूल खेल्ने बेला पनि झरी पर्यो भने पर्याप्त परागशेचनको अभावमा बालामा गेडा नलाग्ने समस्या हुन्छ ।

शारीरिक परिपक्वताको बेलामा बालाको तौल बढी हुने र पानी पर्दा झन् तौल र फोर्समा वृद्धि भइ धान ढल्ने गर्दछ । यदि सामान्य हावादेखि हुरीबतासम्म यही समयमा हुन गयो भने धानमा ठूलो क्षति हुने गर्दछ । देशका अधिकांश ठाउँमा मध्यम प्रकृतिको हावा र वर्षाका कारण धान धेरै ढल्न पुगेको छ ।

मौसम पूर्वानुमान महाशाखाले हरेक दिन बिहान र बेलुकी पूर्वानुमान गर्ने र प्रकाशित गर्ने गरेको छ । पहिलो त नेपाली प्राविधिकहरु समेत मौसम पूर्वानुमान वेबसाईटमा हेर्न र सोहीअनुसार सूचना सम्प्रेषण गर्न अभ्यस्त छैनन् । दोस्रो, कृषिमा मौसम सूचना प्रणालीको भरपर्दो माध्यम कृषकहरुमाझ लोकप्रिय छैनन् ।

विभिन्न माध्यम विकास गरिए पनि कृषकहरुले प्रयोगमा नल्याउँदासम्म त्यसको कुनै प्रभाव हुँदैन । सम्बन्धित निकायहरुवाट पनि कृषि मौसम सूचनाको प्रभावकारी वितरण भएको छैन । अहिले मौसम पूर्वानुमान महाशाखाले उपलब्ध गराएको सूचना मात्र पनि वितरण हुन सकेको भए यस वर्ष यति धेरै क्षति हुनबाट बँचाउन सकिन्थ्यो ।

कति कृषकले धान खेती गरिरहेका छन् भन्ने तथ्यांक सरोकारवाला निकायहरुसँग पनि छैन । न त कृषिसँग सम्बन्धित तथ्यांक भरपर्दा छन् । कृषि तथा पशुपंछी विकास मन्त्रालयले कृषक सूचीकरण प्रणालीको पनि विकास गरेको थियो । उक्त प्रणालीका लागि जनशक्ति व्यवस्थापनको समेत सुरुवात भएको थियो ।

सिस्टम विकास र परिष्कृत हुँदै जाँदा कृषि क्षेत्र र औद्योगिक विकासका लागि समेत उपयोगी तथा नियमनकारी निकायहरुलाई समेत प्रभावकारी हुने सम्भावना बोकेको उक्त प्रणाली दुई वर्षसम्म पनि गर्भमै रहेको छ, तुहिने वा कार्यान्वयन हुने अन्योल कायमै छ । यदि सरकारसँग क्षतिपुर्ती दिने हिम्मत मात्र आयो भने पनि क्षतिको मूल्यांकन झन् जटिल बन्न जान्छ । यस्ता प्रणालीहरु प्रयोगमा ल्याउन सकेको भए क्षति भएको क्षेत्रका कृषकहरुको विवरण लिन र प्रमाणीकरण गर्न सहज हुने थियो ।

अहिले प्रदेश सरकार तथा स्थानीय सरकारहरुले राहतका लागि चासो देखाएका छन् । तर राहतको लागि क्षतिको विवरण संकलन गर्ने जनशक्तिको व्यवस्थापन र क्षतिको प्रमाणीकरणको कार्य काम नै चुनौतीपूर्ण हुनेछ । यदि स्थानीय सरकारले सक्रियता वढाएमा केही बढी विश्वसनियता हुने देखिन्छ ।

बाली भित्र्याउने विभिन्न तरिकाहरु छन् । काटेर सुकाइ चुटेर वा थ्रेसरको प्रयोग गरेर बाली भित्र्याउने तरिकाको विकल्पमा तराइ क्षेत्रमा कम्बाईन हार्भेष्टरको प्रयोग गर्दा धान सहज हुन्छ र चुनौती कम हुन्छ । यदि यस वर्ष कम्बाईन हार्भेष्टरको प्रयोग मात्र भएको भए पनि काटेर सुकाएको धान पानीमा डुबेर बिग्रने समस्या न्यूनीकरण हुने थियो ।

वर्षे सिजनमा धान जत्तिकै परालको पनि महत्व रहेको छ । गाईभैंसी पालनको व्यवसायिकता बढेसँगै परालको महत्व र आम्दानीमा धेरै नै वृद्धि भएको छ । व्यवसायिकताका क्षेत्रका आधारमा कृषकले राम्रो उत्पादनको परालबाट मात्र प्रतिहेक्टर साठी हजारदेखि नब्बे हजारसम्म आम्दानी गर्ने गर्दछन् । कम्बाईन हार्भेष्टर प्रयोगमा ल्याउँदा पराल टुक्रा पर्ने, मूल्य नपाउने र व्यवस्थापन गर्न झन्झट हुने हुनाले वर्षे सिजनमा कृषकहरु तयार देखिँदैनन् । मौसमको पूर्वानुमानबाट केही दिन ढिला भित्र्याउँदा पनि अधिकांश जातका धान वर्षाबाट जोगाउन सकिन्छ ।

काटेर सुकाएको र अहिले डुबेको धानलाई गुम्स्याएर नराख्ने, सकेसम्म पातलो गरी राख्ने, पानीबाट बाहिर निकाल्ने तथा बेलाबेलामा सुकाएको धानलाई चलाएर गुम्सिन नदिने तरिका अवलम्बन गर्दा क्षति न्यूनीकरण हुनेछ । ढलेको तर काट्न बाँकी धानलाई उठाएर ३-४ वटा गाँज एकै ठाउँमा मुठा बनाएर हल्कासँग बाँध्ने वा छिटो काटेर सकेसम्म पुनः पानीमा पर्न नदिइ थ्रेसिङ्ग गर्दा धान र पराल दुवै प्रयोगमा आइ क्षति धेरै नै घट्ने हुनसक्दछ ।

यदि पाकेको धान छ र बोटबाटै धान नझर्ने जात हो भने

..............बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

**मेषः** नयाँ काममा हात हाल्ने समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ ।

**बृषः** महत्त्वपूर्ण कार्यमा ब्यवधान आइपर्ला । सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकायको भय रहला ।

**मिथुनः** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्नेछ ।

**कर्कटः** अचल सम्पत्ति हात पर्ने योग छ । धार्मिक, सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ ।

**सिंहः** सजावटको क्षेत्रमा विशेष सफलता हात लाग्नेछ । धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ ।

**कन्याः** कार्य सम्पादनमा सहजता मिल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । रमाइलो यात्राको योग समेत रहेको छ ।

**तुलाः** आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला ।

**वृश्चिकः** आँटेको र ताकेको कार्य पुरा होला । शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ ।

**धनुः** आफन्तको प्रगतिमा मन रमाउनेछ । शेयर बजार या पुँजी बजारमा लगानीको अवसर मिल्नेछ ।

**मकरः** वैदेशिक कार्य अघि बढ्नेछ । जोशजाँगर र उमंग बढ्नेछ । पितृ कर्ममा सरिक पनि भइनेछ ।

**कुम्भः** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रातो रंगको पहिरनले चुनौतीबाट मुक्त हुन सहयोग पुऱ्याउनेछ ।

**मीनः** विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । शुभ कार्यको योजना पनि बन्ने योग छ ।

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि

# सहरको व्यापार छोडेर कृषीमा भविष्य खोज्दै



जननिगरानी संवाददाता
बागलुङ

बागलुङ नगरपालिका-३ श्रीनगर टोल निवासी विरेन्द्र पुनले रोजगारीको क्रममा दक्षिण कोरियामा १३ बर्ष बिताउनुभयो । कोरियाबाट नेपाल फकिए पछि उहाँ बजारको बसाइँ छोडेर गाउँ हानिनु भएको छ ।

कृषी उद्यमी बन्ने हुटहुटीले पुन परिवारसहित काठेखोला गाउँपालिका-५ बिहुँ बिरौटामा पुग्नुभएको हो । बिरौटाका स्थानीय गाउँ छोडेर सहर पसेका छन् । पुनले बजारमा भएको फेन्सी व्यवासाय छोडेर गाउँ पस्नुभएको हो ।

पुन सन् २००३ मा दक्षिण कोरिया गए पछि सन् २०१६ मा नेपाल फर्कनुभएको थियो । दक्षिण कोरिया र फर्पिङ्गको बसाईमा पुनले त्यहाँको कृषी कर्म बुझ्ने मौका पाउनुभयो । कृषी क्षेत्रमा काम गर्ने इच्छा जागे पछि पुन आफ्नै ठाउँमा फर्केर गाउँ पस्नुभएको थियो ।

बागलुङ बजार निवासी राजु खडका र पुनले संयुक्त लगानीमा विरौटा क्षेत्रमा करिव ७० रोपनी जग्गा खरिद गरेर बाख्रा पालन, खुकुरा, हाँस, भैंसी पालन सुरु गर्नुभएको छ । पुनले परिवारका सदस्यलाई समेत गाउँमै बस्ने बातावरण तयार गर्नुभयो । बजारमा फेन्सी पसल सञ्चालन गरी बस्नुभएकी पुनकी श्रीमती सादगी केसी पुन गाउँले जीवनमा रमाउन थाल्नुभएको छ । सुरुका दिनमा छटपटी, पट्यारा लाग्दो भए पनि हिजो आज रमाइँलो लाग्ने गरेको बताउनुभयो । बजारको कोलाहाल भन्दा गाउँका एकान्तले मन जितेको उहाँको भनाई छ ।

**बाख्रा, लोकल कुखुरा, हाँस र तरकारी खेतीलाई व्यवसायिक रुपमा उत्पादन गर्ने लक्ष्यका साथ अघि बढेको पुनको भनाई छ ।**

पुनले विभिन्न सञ्चार माध्यममा कृषी कर्मबाट खुःसी र सुःखी जीवन विताएको समाचार पढेर, देखेर आफ्नो मनोस्थिती बदलेको बताउनुभयो । 'अब फेरि विदेश जाने कुरा भएन' उहाँले भन्नुभयो-'मनमा शान्ति मिल्ने उद्यमको खोजी गर्दै थिए, कृषीलाई उत्तम विकल्पको रुपमा लिएको छु ।' बाख्रा, लोकल कुखुरा, हाँस र तरकारी खेतीलाई व्यवसायिक रुपमा उत्पादन गर्ने लक्ष्यका साथ अघि बढेको पुनको भनाई छ ।

हालसम्म करिव एक करोड रुपियाँ खर्च भएको छ । सबै संरचना तयार गरी व्यवसायिक उत्पादन र विक्री वितरणसम्मको योजना कार्यान्वयन हुँदा अधिकतम दुई करोड रुपियाँसम्म लगानी हुने पुनको भनाई छ ।

पुनको परिवार २०४५ सालमा पर्वतको पाङदेखि बागलुङ बजार बसाइँ सर्नुभएको थियो । विरौटा क्षेत्रमा सात परिवार बसोबास गर्थे । अहिले दुई परिवार बसाई सरेका छन् । पाँच परिवार मात्रा सो क्षेत्रमा बस्दै खाएको पुनले बताउनुभयो । गाउँ छोडेर शहर पस्ने लहरमा शहर छोडेर गाउँ पस्ने पुनले गाउँलाई आम्दानीको स्रोत बनाउने योजना बनाउनुभएको छ । कृषी फर्ममा पुग्ने सडक बर्खाको पानीले क्षतविच्छेद गरेको हुँदा मर्मतको लागि आग्रह गर्नुभएको छ ।

---

**घर, आगन सधै सफा राखौं । विभिन्न रोग लाग्नबाट बचौं ।**

---

- पक्कि शौचालय बनाई नियमित प्रयोग गरौं ।
- निम्न अवस्थामा अनिवार्य रुपमा सावुन पानीले हात धुने बानी बसालौं ।
  - # चर्पिको प्रयोग गरेपछि
  - # खाना खानु वा खुवाउनु अघि
  - # खाना बनाउनु अघि
  - # फोहोर चिज छोएपछि
- पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
- मुहानदेखि मुखसम्म पानी सुरक्षा गरौं ।
- घर आँगन सफा राखौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुधारिएको चुल्हो प्रयोग गरी घरलाई धुवा रहित बनाऔं ।
- बातावरणीय सरसफाइमा ध्यान दिऔं ।
- सरसफाइका सूचकहरू पुरा गरी आफ्नो गाउँलाई पूर्ण सरसफाई गाउँ बनाऔं ।

**काठेखोला गाउँपालिकाको कार्यालय, विहुँकोट, बागलुङ**

---

## कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

### कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने
- ज्वरो आउने
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने
- आँखाको ढकनी सुन्निने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने
- नाकको वरिपरिको छालाको रंग कालो हुँदै जाने, रगत बग्ने, बाक्लो सिंगान आउने
- दाँत दुख्ने वा हल्लिने

### उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

### घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुरक्षा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने
- नियमित रूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**

**काठेखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बिहुँ, बागलुङ**

---

काठेखोला गाउँपालिका र यस जननिगरानी साप्ताहिकको सहकार्यमा यस पेज काठेखोला गतिविधिको रूपमा प्रकाशित गरिदै आएको छ । यस पेजमा गाउँपालिकाले गरेका गतिविधिलाई र गाउँपालिका भित्र भइरहेका गतिविधिहरुलाई नागरिकसम्म पुऱ्याउन सहयोग गर्ने उद्देश्यले प्रकाशित गरिएकाले हजुरहरूको टोल, छिमेकमा हुने घटनाहरू र काठेखोला गाउँपालिकासँग सम्बन्धित लेख, रचनाहरू भएमा हाम्रो सम्पर्क नम्बर र इमेलमा पठाइ सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्कः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
jananigrani.bgl@gmail.com

---

## काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

**वडाअध्यक्षहरू**

अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८५७६७७०१६)

**प्रमुख प्रशासकीय अधिकृत**

चुडा बहादुर कार्की (९८५७६२०६९४)

**कार्यपालिका सदस्य**


टिकासंगम विक (९८५७६७७००९)
नैनाकली खड्का (९८५७६७७०१३)
हेमलाल वि.क. (९८५७६७७०१०)
जमुना कंडेल (९८५७६७७०१२)
सारादा कुमारी थापा (९८५७६७७०१४)
सुन्तली वि.क. (९८५७६७७०११)

**वडाअध्यक्षहरू**

वडा नम्बर १ — अध्यक्षः खड्कबहादुर थापा (९८५७६७७००१)
वडा नम्बर २ — अध्यक्षः विद्यापति शर्मा (९८५७६७७००२)
वडा नम्बर ३ — अध्यक्षः यामबहादुर श्रीस (९८५७६७७००३)
वडा नम्बर ४ — अध्यक्षः केशरबहादुर थापा (९८५७६७७००४)
वडा नम्बर ५ — अध्यक्षः शिवप्रसाद कंडेल (९८५७६७७००५)
वडा नम्बर ६ — अध्यक्षः युक्तप्रशाद कंडेल (९८५७६७७००६)
वडा नम्बर ७ — अध्यक्षः प्रेम लामिछाने (९८५७६७७००७)
वडा नम्बर ८ — अध्यक्षः चित्रकला छन्त्याल (९८५७६७७००८)

पुस्तक समिक्षाः

# द्रौपदी अवशेषमा भेटिएका प्रेमका आयामहरू



रमेश प्रभात

उपन्यासकार नीलम कार्की निहारिकाको चौथो उपन्यासका रूपमा २०७८ वैशाखमा साङ्ग्रिला बुक्सबाट प्रकाशित द्रौपदी अवशेष हुम्लाको परिवेशलाई अँगालेर सिर्जित फरक खालको उपन्यास हो । हुम्लाको कथालाई एउटा गैर हुम्लीका रूपमा मात्र छ महिना सुधारिएको धुवाँरहित चुल्हो वितरण गर्ने एनजिओमा काम गरेको दिग्विजयका आँखाबाट नियालिएको २२६ पृष्ठको यो उपन्यास दुई खण्ड र नौ ओटा शीर्षकमा विभाजित छ । समाजका विविध पक्षको चित्रण भएको उपन्यास पाठकको ध्यान तान्न सफल उपन्यास हो ।

उपन्यासभित्र अन्य गाउँ र ठाउँको नाम उल्लेख गरिएको भए पनि दिग्विविजयले छ-सात महिना बसेको गाउँको नाम भने कतै उल्लेख गरेको पाइन्न । हुम्लाको एउटा विकट गाउँ जहाँ बहुपति प्रथा छ भन्ने कुराको ज्ञान समाख्याता म पात्र अर्थात् दिग्विविजयले निकै पछि मात्र हासिल गर्छ । उसले हमेसा आफूसँग हिँड्ने ग्याल्जनबाट त्यहाँको वस्तुस्थितिका बारेमा जानकारी लिन्छ । घरमा अविवाहित छोरी पनि बस्ने गरेको र त्यस्ता अविवाहित छोरीबाट सन्तान जन्मिएमा त्यस्ता सन्तानलाई 'न्येलु' भनिने कुराको जानकारी पनि दिन्छ ।

गाउँमा खेतीयोग्य जमिन ज्यादै कम भएकाले त्यहाँ जेठो भाइले मात्र विवाह गर्ने कुरा ग्याल्जनले उसलाई बताउँछ । यसरी गरेको विवाह सबै भाइमा लागु हुने र उक्त पत्नी सबैको साझा पत्नी हुने कुरा पनि बताउँछ । सामान्यतया सोह्र वर्ष पुगेपछि देवरलाई पति मान्नुपर्ने त्यहाँका स्त्रीको अवस्थाका बारेमा पनि अवगत गराउँछ । जेठो छोरोलाई गुम्बामा पठाउनुपर्ने चलन रहेको पनि बताउँछ । त्यसबाहेक उसले गफगाफका क्रममा हुम्लाका भौगोलिक, आर्थिक, सांस्कृतिक, धार्मिकजस्ता विविध पक्षका बारेमा पनि जानकारी गराउँछ । यसर्थ यो उपन्यासभित्र यात्रा, प्रेम, प्रकृतिजस्ता विविध कुरा समेटिएका छन् । त्यति हुँदाहुँदै प्रेमको चित्रणमा उपन्यास अब्बल बनेका पाइन्छ ।

उपन्यासमा त्यति धेरै पात्र छैनन् । भएका पात्रका बीचमा भएका प्रेम यसमा उतारिएको छ । स्वयं दिग्विजयल सुलक्षणालाई ग्रहण गर्न नसकेको पीडामा जीवन काटेको भए पनि उसले पेमा र ग्याल्जनप्रति ज्यादा लगाउ राखेको छ । पेमा नुर्बुकी विवाहित पत्नी हो तर ऊ माहिलो छोरो भएकाले आफूले ल्याएकी पत्नीलाई गाउँको नियमअनुसार सबै दाजुभाइका बीचमा साझा बनाउन विवश भएको छ । यसबाट पेमा कत्ति खुसी छैन ।


आफूलाई एकोहोरो मायाँ गर्ने ग्याल्जनतिर पेमाको मन गएको भए पनि ऊ भागेर जान तयार हुन्न । ग्याल्जन जारी तिरेर पेमालाई आफ्नो बनाउन सक्तैन । त्यति मात्र होइन, उसको दाइकी श्रीमती भएकाले उसले अर्को विवाह गरेर ल्याएमा घरको सारा सम्पत्ति छाडेर जानुपर्ने समस्या पनि देख्छ । यति भएर पनि अर्काकी श्रीमती पेमालाई मन पराउन छाड्दैन । ऊ दिग्विजयसँग पेमाका बारेमा भन्छ : सानाठुला ढुङ्गामा ठोक्किँदै बगेको पानी हेरेर सुनिरहेँ, ग्याल्जनको आवाज । उसले भन्दै गयो, 'यही ठाउँ छाड्न नपर्न्या भयादेखिन्, आफूकन राख्न पाउने भयादेखिन्, उसका सन्तान आफ्नो सम्झिराख्ने थियो मैले तर पाइँदोइन ।' (पृष्ठ : १४१)

त्यति मात्र होइन ऊ पेमाका लागि हरहमेसा सुरक्षा दिन तयार छ । गाउँलेले जे भनोस्, ऊ पर्वाह गर्दैन । पेमालाई मनाएर छाड्ने उसको प्रतिज्ञाले एकदिन सफलता पाउँछ । उसलाई भेट्न पेमा बाटामै आउँछे । उनीहरूको प्रेम फलीभूत हुन्छ । उसको तपस्याका बारेमा उपन्यासकार यसरी व्याख्या गर्छिन् : छाता आफू नरुझी ओत दिन सक्दैन । घाममा आफू नसेकिई छाया दिन सक्दैन । पेमाका लागि वर्षामा रुझ्न, घाममा सेकिन ग्याल्जन हमेसा तयार थियो । (पृष्ठ : २२७)

नुर्बुले आफू युवा हुँदा दोहोरी गाउँदा प्रेममा पारेर पेमालाई विवाह गर्छ । विवाह गर्दा पेमाको सर्त हुन्छ, म केवल तिम्री मात्र जोई बन्ने हो । यो

> दश बर्से माओवादी युद्धलाई बाध्यता र आवश्यकता, परिवर्तन र रूपान्तरणको नाम जे दिए पनि उपन्यासमा त्यसप्रति रोष र क्षोभ व्यक्त भएको छ । चन्दा आतङ्कका कारण समाज पीडा र भयले सन्त्रस्त रहेको छ । युद्ध गलत बाटोमा हिँडेकाले मुक्ति र समानता भन्दा पनि प्रतिशोधपूर्ण हत्यामा अग्रसर भएको छ । दुनियाँ बदल्न हिँडेकाहरू आफैँ बदलिएर फर्केका छन् ।

सर्त पूरा गराउन नुर्बुले घरमा ठुलो कसरत गर्छ तर सक्तैन । त्यसपछि पेमा सबै दाजुभाइकी साझा पत्नी बन्न बाध्य हुन्छे । यसपछि पेमा र नुर्बुका बीचमा खटपट भइरहन्छ तर मायाँ गर्न चाहिँ छाड्दैन । पछि उसले डोल्मालाई मन पराउन थाल्छ र घरबाहिर बढी बस्ने गरेको कुरा पेमाले थाहा पाउँछे । यस्तैमा पेमालाई ग्याल्जनले मन पराएको कुरा थाहा पाएर पनि नुर्बु रिसाउनुको सट्टा सहयोगी बन्छ र बाटामा पेमा र ग्याल्जनको भेट गराएर यसो भन्छ : 'म भनेर आकी थिई पेमा पहिले तर मैले उसले भनेझैँ आफ्नी मात्र बनाउन सक्यान । तु भन्यापछि मरिहत्ते गर्छ अहिले' ,छोरी काखमै लिएर झट्ट उठ्दै धोद्रो स्वरमा ग्याल्जनतर्फ लक्ष्य गरेर नुर्बु बोल्यो । (पृष्ठ : २१९)




दिग्विजयलाई सिमिकोट एअरपोर्टसम्म पुऱ्याउन हिँडेको ग्याल्जनसँग चार-पाँच दिनको बाटो हिँडेर एअरपोर्टमै पुगी नुर्बुले पेमाको भेट मात्र गराउँदैन । उल्टै जारीका बारेमा पनि चिन्ता नलिई बस्न भन्दै यस्तो कुरा भनेपछि वातावरण स्तब्ध बन्छ :

उठेर ढोकातिर गयो, नुर्बु । बाहिरतिरै हेरेर एकछिन उभिइरह्यो । अनि फर्किई आयो । ग्याल्जनको छेउमा उभियो । र भन्यो, 'जारीको चिन्ता लिन पर्दोइन ।' यति बेला उसको अनुहार अधिभन्दा बेग्लै भएको थियो । (पृष्ठ - २२०)

यसरी आफूले विवाह गरेर ल्याएकी श्रीमती सजिलै अरूका हातमा सुम्पन सक्ने दह्रो आँट भएको नुर्बुमा त्यति बेला पनि पेमाप्रति श्रद्धा र प्रेम दुवै भएको पाउन सकिन्छ । यस्तो त्याग जो कोही पुरुषमा पाउन नसकिने खालको त्याग हो, जो केवल प्रेममा मात्र सम्भव हुन्छ । आफूलाई अर्कासँग जिम्मा लगाउन लागेका बेलामा पनि पेमा नुर्बुप्रति उत्तिकै जिम्मेवार र प्रेमिल भएर प्रस्तुत हुन्छे । ऊ अझै पनि एउटी पत्नीले गर्ने जस्तो व्यवहार देखाउँदै यसो भन्छे -

मुगालाई सुनले बेरेको जोडी टप आफ्नो कानबाट खोलेर नुर्बुको हातमा दिँदै पेमाले भनी, 'तमी बाहिरबाहिर बस्दै नहिँड । अब डोल्मालाई घर ल्याएर जोई बनाएर राख ।' (पृष्ठ - २१९)

आफूले प्रेम गरेर वरण गरेको पतिले आफूलाई साझा पत्नी बनाएकोमा बेखुसी भए पनि ऊप्रति पेमामा जिम्मेवारी कम नभएको कुरा माथिको संवादले पुष्टि गरेको छ । ऊ नयाँ पतिका रूपमा वरण गर्न लागेको ग्याल्जनलाई पनि जिम्मेवारीको कुरा यसरी सिकाउँछे - मैले थप धारणा बनाउनुअघि पेमा बोली- पहिलाभन्दा नरम स्वरमा, 'यो ल्होसार तमी घरमै मान । गाउँका अरू हिउँद सकेर उत्तर उक्लनेछ, दिदीभान्जा लिएर तमी दखिन झर ।' (पृष्ठ - २२५)

सामान्यतया प्रेम गरेर विवाह गरेपछि सँगै बस्न आतुर हुन्छन् प्रेमी-प्रेमिकाहरू तर उपन्यासकी पात्र पेमामा त्यस्तो हतारो कत्ति पनि छैन । प्रतीक्षाको फल मिठो हुन्छ भन्ने भनाइ उसमा लागु हुन्छ । ऊ आफ्नो प्रेमी र पति ग्याल्जनलाई गाउँ गएर ल्होसार मनाएर आऊ भनेर सम्झाउँछे । त्यति मात्र होइन, आदेशजस्तो गरेर भन्छे । यस उपन्यासमा प्रेमका यस्ता थुप्रै प्रसङ्गहरू छन् ।

अन्त्यबाट सुरु गरिएको यस उपन्यासका कुनै खण्ड केही लामा र कुनै खण्ड ठिक्कका भए पनि यसभित्रको कथा र प्रेमका विविध आयामले पाठकलाई अन्तिमसम्म तानेर राख्न सक्छ । साहित्यमा निकै कम चित्रण भएको कर्णालीको परिवेश, त्यहाँको भाषा, संस्कृति, प्रकृति, यात्रा वर्णन आदिले पाठकलाई हुम्लाको विकट गाउँको मनोरम भ्रमण गराउँछ । अझ यसमा प्रेम छ र द्रौपदी अवशेष उपन्यास सफल भएको छ । प्रेमको जितमा उपन्यास मज्जाले हाँसेको छ । आगामी कृतिमा पनि यस्तै हाँसोहरू फुलाइरहनू नीलमजी यहाँको लेखनीलाई साधुवाद छ ।

*साहित्यपोष्टडटकमबाट साभार ।*

# एमालेको वडा अधिवेशनः बागलुङका अधिकांश वडामा सर्वसम्मत

**जननिगरानी संवाददाता**
**बागलुङ**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को वडा अधिवेशनमा बागलुङका अधिकांश स्थानिय तहमा सवसम्मत नेतृत्व चयन भएका छन् ।

शनिबार भएको वडा अधिवेशनबाट बागलुङ नगरपालिकाका वडा नम्बर ६ र ११ नम्बर वडा बाहेक अन्य सवै वडामा सर्वसम्मत नयाँ नेतृत्व चयन भएको नेकपा एमाले बागलुङका सचिव विष्णु भुषालले जानकारी दिनुभयो । बानपा ११ मा अधिवेशन सुरु भएको छैन् ।

बागलुङ नगरपालिका वडा नम्बर १ मा सुर्य लामिछाने क्षेत्रीको अध्यक्षतामा ३१ सदस्य नयाँ कमिटी चयन भएको छ । कमिटीको उपाध्यक्षमा कमिटीको उपाध्यक्षमा मनोज बोहोरा, सचिव नवराज गौतम, सहसचिव मुकुन्द शर्मा र धना बहोरा चयन हुनुभएको छ ।

यस्तै वडा नम्बर २ मा तोयानाथ गौतमको अध्यक्षतामा नयाँ कमिटी चयन भएको छ । उपाध्यक्षमा बुद्धिमाया थापा, सचिवमा तेजबहादुरथापा तथा उपसचिवमा अञ्जन शर्मा र बिष्णु बिक रहेका छन् ।

यस्तै वडा नम्बर ३ मा कमल खड्काको अध्यक्षतामा नयाँ कमिटी चयन भएको छ । उपाध्यक्षमा लक्ष्मण शर्मा, सचिव डोलेन्द्र केसी, उपसचिवमा रुपेश शर्मा र दुर्गाकुमारी शर्मा चयन भएका छन् ।

बानपा ४ मा गणेश शर्मा र बानपा ५ मा गोबिन्द सापकोटाको अध्यक्षतामा नयाँ समिति चयन भएको छ । बानपा ६ मा यो



समाचार तयार पार्दासम्म टुंगो लागेको छैन् ।

बानपा ७ वार्ड कमिटी अध्यक्षमा मेघनाथ गैर सर्वसम्मत चयन हुनुभएको छ । उपाध्यक्ष रमेश किसान, सचिव हेमराज गौतम, उपसचिव कृष्ण कार्की र दुर्गा पौडेल चयन हुनुभएको छ ।

वडा नं ८ मा सुरेश मल्ल, वडा नं. ९ मा रुद्र खड्का, वडा नं १० मा बिजय थापा अध्यक्ष चयन भएका छन् । वडा नं. ११ मा अधिवेशन शुरु भएको छैन । वडा नं १२ मा ज्ञानेन्द्र ढकाल अध्यक्ष चयन भए । वडा नं १३ मा टेकबहादुर रोका, वडा नं १४ मा महेन्द्र शर्मा निर्विरोध अध्यक्षमा चयन भएका छन् ।

**काठेखोलाको ७ वडामा सर्वसम्मत**

काठेखोला गाउँपालिकाका ७ वटा वडामा सर्वसम्मत नेतृत्व चयन हुदाँ वडा नम्बर ५ मा भने विवाद भएको छ । वडा नम्बर ५ विहुँमा नेतृत्वको आकांक्षीहरु धेरै हुँदा सर्वसम्मत गराउने प्रयास जारी रहेको नेकपा एमलो काठेखोलाका अध्यक्ष डिल बहादुर कार्कीले जानकारी दिनुभयो । काठेखोला गाउँपालिका वडा नम्बर १ पालामा भीम बहादुर खड्का अध्यक्षमा चयन हुनुभएको छ ।

वडा नम्बर २ भीमापोखरामा नारायणदत्त रेग्मीको नेतृत्वमा सर्वसम्मत कमिटी चयन भएको छ । उपाध्यक्ष चन्द्रकला थापा, सचिवमा ऋषिराम शर्मा र सहसचिवमा भिम किसान र भिम केसी चयन हुनुभएको ।

वडा नम्बर ३ धम्जाको वडा कमिटी अध्यक्षमा खिम बहादुर छन्त्याल निर्वाचित हुनुभएको छ । कमिटीको उपाध्यक्षमा क्यापटेन प्रेम बहादुर घर्ति, सचिव सुर्य बहादुर भण्डारी उपसचिव चन्द्र बहादुर भण्डारी र भिमलाल आले चयन हुनुभएको छ ।

यस्तै वडा नम्बर ४ तंग्राममा सुरेश घर्ती, ६ बिहुँमा थानेश्वर कँडेलको नेतृत्वमा नयाँ कमिटी चयन भएको छ । यस्तै वडा नम्बर ७ रेशको वडा कमिटी अध्यक्षमा भुमिराज गौतम निर्वाचित हुनुभएको छ । उपाध्यक्षमा नारायण शर्मा, सचिवमा रामचन्द्र गौतम र उपसचिवमा महेन्द्र कार्की र उजेली शर्मा चयन हुनुभएको छ । राष्ट्रिय युवा संघ काठेखोला ७ रेशको

............. बाँकी ६ पेजमा

## स्वास्थ्य/जीवनशैली

# गर्भाधानमा हुने त्रुटीले हुनेवाला बच्चामा खराबी देखिन सक्छ ?

सन्तानका रहर गरेका दम्पतीहरुका लागि त्यो क्षण निकै सुखद हुन्छ कि, जब उनीहरुको गर्भ रहन्छ । गर्भ रहेको कुरा श्रीमतीले श्रीमानलाई सुनाउँछिन् । यो शुभ समाचारले उनीहरु मात्र होइन पुरा परिवारलाई नै उल्लासमय बनाइदिन्छ । जति जति गर्भको बच्चा हुर्कदै जान्छ, दम्पतीमा कौतुहलता पनि बढ्दै जान्छ । छोरा होला कि छोरी ? कस्ता बच्चा जन्मिएलान् ? साथसाथै एउटा प्रश्नले भने उनीहरुलाई बेचैन पनि बनाउँछ । जस्तो कि, गर्भको बच्चा सकुशल वा स्वस्थ रुपमै जन्मिएलान् ? जन्मजात शारीरिक दोष लिएर त जन्मदैनन् ?

यसै सेरोफेरोमा अनलाइनखबरले प्रसूती तथा स्त्री रोग विशेषज्ञ डा. बालकृष्ण शाहसँग कुराकानी गरेको छ ।

**पहिलो सन्तानको योजना बनाउनुअघि के कस्ता स्वास्थ्य परीक्षण जरुरी हुन्छ ?**

गर्भावस्था आफैंमा एउटा जटिल अनि बिशेष अवस्था हो । यस अवस्थामा आमा बन्ने खुशी मात्र जोडिएका हुदैनन्, गर्भसंग समाजिक, पारिवारीक र आत्मीय सम्बन्ध रहेको हुन्छ । गर्भावस्थामा हुने शारिरिक र हर्मोनल परिवर्तनहरुले गर्भवतीहरुमा समस्या र चिन्ताहरु थपिने हुन्छन् । त्यसैले यी परिवर्तनहरुका बारेमा गर्भवती तथा दम्पती र परिवारका सदस्यहरुले राम्ररी बुझे तनाव आफैं कम हुने हुन्छ । त्यसैले हरेक दम्पतीले गर्भका योजना बनाउनु र गर्भ राख्नु पहिले नै चिकित्सकिय परामर्श लिनु राम्रो हुन्छ ।

गर्भ राख्नु करिव ९० दिन अर्थात ३ महिना अगाडि नै गर्भका योजनाका लागि प्रसुति तथा स्त्रीरोग बिशेषज्ञसंग गर्भाधान पूर्व परामर्श गर्नु राम्रो हुन्छ । यस परामर्शमा गर्भवती हुने योजनामा रहेका महिलाको शारिरक परिक्षण तथा आवश्यक अन्य परिक्षण गरेर पोषण एवं शारिरिक सक्षमता, संक्रमणहरु (बिशेषत: यौनसंक्रमण), दिर्धरोगहरु (उच्च रक्तचाप, मधुमेह), हर्मोनहरुको सन्तुलन (थाईराईड) आदि अवस्था पत्ता लगाउनुका साथै केहि



कमजोर वा गडबडि भए उपचार समेत गरिने भएकाले गर्भ र गर्भको विकासका लागि महत्वपुर्ण साबित हुन्छ ।

यस परामर्शमा गर्भको योजनामा रहेको महिला तथा उनको परिवारसंग अन्य स्वास्थ्य र गर्भका जटिलता सम्बन्धि, जोखिम न्युनिकरण र गर्भका विकासका लागि अपनाउनु पर्ने सर्तकता अनि व्यवहारमा परिवर्तन समेत सम्बन्धि जानकारी दिईन्छ जसले गर्भका कारणले हुने तनाव पनि कम हुन्छ ।

**गर्भाधानका क्रममा यस्ता कुनै त्रुटी हुनसक्छ, जसले हुनेवाला बच्चामा समस्या निम्त्याउने जोखिम हुन्छ ?**

त्रुटि हुन सक्छ तर हुन्छ नै भन्ने छैन । गर्भको चाहना राखेको दम्पितिमा कुन त्रुटि पाईए, त्यस्को उपचार समयमा नै गर्नु पर्छ । यसता त्रुटिहरु सबै एकै किसिमका हुन्छन् भन्ने छैन, त्यसैले यसका असर तथा हुनेवाला बच्चामा पनि समस्या फरक-फरक हुन सक्छन् र कति त्रुटिले गर्भ नै खेर समेत जान सक्छ ।

**योजनावद्ध रहने गर्भ र अनिच्छित गर्भले हुनेवाला बच्चाको स्वास्थ्यमा कुनै असर पर्न सक्छ ?**

कुनै पनि काम योजना बनाएर गरे सफलता मिल्ने सम्भावना बढि हुन्छ र योजना बिना सफल भईदैन भन्ने छैन, तर कठिनाई र असफलताको जोखिम बढ्ने पक्का हुन्छ । गर्भमा पनि त्यहि सिद्धान्त लागु हुन्छ भन्दा फरक नपर्ला । गर्भको योजना नबनाउदै वा कुनै तयारी बिना नै परिवार नियोजोनका साधन प्रयोग नगरेको अवस्थामा गर्भ रहन सक्छ । अधिंकाश दम्पतीहरुको यस्तै हुने गरेको हुन्छ । यस अवस्थामा गर्भ रहेको शंका लाग्नासाथ स्वास्थ्यकर्मीसँग जाँच गराउनु पर्छ ।

**गर्भावस्थामा के कस्ता कुरामा ख्याल गर्नुपर्छ ?**

यस अवस्थामा धुम्रपान, मद्यपान नगर्ने तथा धुम्रपान गर्नेहरुसंग पनि नबस्ने । नियमित फलफुल सेवन गर्नुका साथै सन्तुलित भोजन गर्ने । नियमित हल्का व्ययाम गर्ने तथा तनावमा नबस्ने । दैनिक फोलिक एसिड तथा चिकित्सकले सुझाएको औषधिहरु सेवन गर्ने । चिकित्सकले दिएका सम्पुर्ण निर्देशनहरु पालना गर्ने र द्वविधा लागेको कुरामा पटक पटक परामर्श तथा सल्लाह गर्ने ।

**आमाको मनस्थिती, खानपान, रहनसहन आदिले गर्भको बच्चामा कुनै प्रभाव पार्छ ?**

आमाको मनस्थिति, खानपान र रहनसहनको असर गर्भको बच्चामा हुन्छ । त्यसैले गर्भवतीहरु तनाव रहित, स्वस्थ्य वातावरणमा राम्रो पोषणयुक्त खानेकुरा सेवन गर्नु राम्रो हो । कुपोषण र प्रदुषित वतावरणले गर्भको शारिरिक र मानसिक विकासमा नाकारात्मक प्रभाव पार्ने हुन्छ ।

**कस्तो अवस्थामा गर्भको बच्चा अशक्त हुने जोखिम हुन्छ ?**

सबै गर्भवतीहरुमा असक्त बच्चा जन्माउन सक्ने जोखिम हुन्छ । नजिकको नातेदारसँग विवाह गरेर गर्भवती भएमा, वंशानुगत वा अन्य आनुवंशिक विकारहरु भएमा, गर्भावस्थामा जथाभावी औषधीको सेवन गरेमा, गर्भावस्थामा कुपोषण भएमा, कुनै संक्रमण भएमा, गर्भावस्थामा लागूऔषधी, धुम्रपान तथा रक्सी सेवन गरेमा, आमाको उमेर ३५ वर्ष वा सो भन्दा बढी भएमा, प्रदुषणको प्रभाव परेमा जोखिम बढ्ने हुन्छ ।

**गर्भावास्थामा आमाहरुले के कस्ता लापरवाही वा कमजोरी गरिरहेका हुन्छन्, जसले गर्भको बच्चालाई असर गर्न सक्छ ?**

लापरवाही त के भन्नु ? सहि जानकारी नपाएको कारणले जसले जे भन्यो त्यसैको कुरामा लागेर दु:ख पाईरहेको देख्छु । दक्ष स्वास्थ्यकर्मी तथा विज्ञ चिकित्सकको परामर्श लिनुपर्छ, हल्लाका पछि नलाग्नु राम्रो हुन्छ ।

**दोस्रो सन्तानको योजना बनाउनुअघि के कुरामा ख्याल गर्ने ? दुई बच्चाबीचको जन्मान्तर कति हुनु जरुरी छ ?**

दोस्रो बच्चाको योजना बनाउदा नि पहिलेको जस्तै प्रि-कन्सेप्सनल काउन्सिलिङ्गबाट शुरु गर्नु पर्छ । जन्मान्तरका कति गर्ने दम्पतिले सल्लाह गर्नुपर्छ । समान्यतया 'दोस्रो बच्चा कहिले, पहिलो स्कुल जान्छ जहिले' सम्झदा राम्रो नै हुन्छ ।

**एउटी महिला कुन उमेरसम्म सन्तान जन्माउनका लागि योग्य हुन्छिन् ?**

स्वास्थ्यको हिसावले २० बर्ष पार गरिसके पछि ३५ सम्म राम्रो समय मानिन्छ ।

## साप्ताहिक खेल खबर

# मैत्रीपूर्ण खेल बराबरी



**जननिगरानी संवाददाता**
**बागलुङ**

जेसीज सप्ताह २०२१ को अवसरमा आयोजित नेपाल पत्रकार महसंघ बागलुङ र बागलुङ जेसीजबीचको मैत्रीपूर्ण फुटसल प्रतियोगितामा बराबरीमा सम्पन्न भएको छ । बागलुङ जेसीजले आयोजना गरेको जेसीज सप्ताहको पहिलो दिन पत्रकार महासंघ र बागलुङ जेसीज विचको मैत्रीपूर्ण फुटसल प्रतियोगितामा १२-१२ गोल भएको थियो ।

प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै जिल्ला फुटसल संघ बागलुङका अध्यक्ष रामराज गुरुङले खेलकुदले अनुसाशन सिकाउने बताउनुभयो ।

यस्तै शनिबार विहान भएको जेसीज सप्ताहको उद्घाटन समारोहमा यस वर्षको युवा सम्मानबाट नेपाली राष्ट्रिय फुटबल टिमका सदस्य कमल थापालाई सम्मान गरिएको थियो ।

जेसीजले नेपाली राष्ट्रिय फुटबल खेलाडी कमल थापा र सामाजिक अभियान्ता सुमिरा लामालाई यस वर्षको युवा सम्मान पुरस्कार वितरण गरेको हो । थापा हालै सम्मान माल्दिभ्समा भएको तेह्रौ साफ च्याम्पियन सिपमा खेलेर उपबिजेता बनेका थिए । भारतले नेपाललाई फाइनलमा पराजित गरेको थियो । बिद्यालय तहदेखिनै खेलमा रुची भएका थापाले नेपालको अण्डर १३ र १६ बाट समेत अन्तराष्ट्रिय खेल खेलिसकेका छन् । थापाले कुवेतमा भएको विश्वकप छनोट अन्तरगतको खेलमा अष्ट्रेलियासँगको खेलबाट राष्ट्रिय टिमबाट डेब्यु गरेका थिए । हाल उनी हिमालयन शेर्पा क्लबमा अनुबन्धित भएर ए डिभिजन लिग पनि खेलिसकेका छन् ।

यस्तै सम्मानित भएकी लामा मानव सेवा आश्रमकी संचालक हुन् । हेटौडादेखि आएर यहाँको आश्रममा बसेर सेवा गरेकी छिन् । उनले सडक मानवलाई आश्रममा लगेर सेवा गर्ने अभियानमा निरन्तर खटिएकोले सम्मान गरेको जेसीज बागलुङ वर्ष २०२१ का अध्यक्ष आनन्द प्रसाद रेग्मीले बताउनुभयो । चार बर्षदेखि आश्रममा बसेर सेवा गर्दा घर समेत नगएको लामाले बताउनुभयो ।

जेसीज सप्ताहको उद्घाटन पछि बोल्दै बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले युवाहरुको शक्तिलाई कानूनी शासनमा ढाल्ने र अनुशासनमा राख्नका लागि जेसीजको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा जेसीजका राष्ट्रिय कार्यकारी उपाध्यक्ष भोजराज चापागाई, पर्वत जेसीजका अध्यक्ष सुमन श्रेष्ठ, मालिका समाजका अध्यक्ष जीवन शर्मा, उपाध्यक्ष अमरबहादुर थापा, ताराप्रसाद शर्मा, सुदिप सागर कंडेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । बागलुङ जेसीजका अध्यक्ष आनन्दप्रसाद रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन महसचि प्रकाशअचार्य र स्वागत पूर्वअध्यक्ष सुरेन्द्र शाक्य र उपाध्यक्ष साधना पन्तले गर्नुभएको थियो । जेसीजले सप्ताहव्यापी कार्यक्रम गरेर कार्तिक १२ गतेसम्म जेसीज सप्ताह मनाउँदै छ ।



## बर्षातले..............

केही दिन पर्खेर भित्र्याउँदा उपयुक्त हुनेछ । अहिले पनि सबैभन्दा धेरै धान खडा बाली नै हो । ढलेको र डुबेको धेरै देखिए तापनि खडा बालीको उचित व्यवस्थापन गर्न सके मात्र पनि क्षति न्यूनीकरण हुन सक्नेछ । यसका लागि कम्बाईन हार्भेष्टरको प्रयोग गर्दा दाना जोगाउन कम चुनौतीपूर्ण हुनेछ ।

जहिले क्षति धेरै हुन्छ अनि मात्र बिमाको बहस उर्लिन्छ । धानखेती निर्बाहमुखी कृषक बाहुल्य भएको खेती हो । यो न्यूनरुपमा मात्र व्यवसायिक छ । धान खेती सँस्कृति पनि हो । खेतीका लागि जमिन उपलब्ध भएमा उच्च मूल्य बालीको खेतीबाहेकको अवस्थामा सबैले धानखेती गर्छन् ।

तर खाद्यान्न बालीको एकैपटक सबै क्षति नहुने भएकाले पशुपंछी, फलफूल र तरकारीमा जस्तो धानको क्षतिको आँकलन गर्न यति कठिन छ कि, कति प्रतिशत उत्पादन घट्ने हो ? कति भुक्तानी हुनुपर्ने हो ? आंशिक क्षतिको मूल्यांकनको विधि के हो ? लगायतका जटिलताले समस्या पैदा गर्नेछ ।

क्षति मूल्यांकनमा पनि अतिरिक्त श्रम बढ्ने हुन्छ । अन्त्यमा दावी स्वीकार रकम न्यून हुने हुँदा तथा बिमा कम्पनीहरुमा यस प्रकारको बिमाका लागि रेस्पोन्स गर्ने जनशक्तिको अभाव हुन्छ । जसकारण भुक्तानी अन्योल हुने र बिमावाट कृषकहरु नै विकर्षित हुने गरेका छन् ।

अन्य बालीको तुलनामा छोटो अवधिको हुने हुनाले बिमाको प्रकृयामै बाली पाकिसक्ने, कामको चटारोले समयमा प्रकृया सुरु गर्ने अवसर नपाउने, सानो क्षेत्रफलका कारण बिमाको आवश्यकता समेत महसुस नहुने आदि कारणबाट पनि खाद्यान्न बालीको बीमा प्रभावकारी हुन सकेको छैन । खाद्यान्न बालीको बिमा व्यक्तिगतभन्दा सामूहिक र सकेसम्म सहकारीले प्रकृया पुर्याउन पहल गर्नुपर्ने विकल्प उत्तम हुनसक्छ ।

नेपालमा उत्पादन हुने अधिकांश धानलाई साधारण मिलबाट चामल तयार गरिन्छ । स्टिम मिलहरु कृषक र नेपाली जातमैत्री नभएको गुनासो छ । स्टिम मिलहरुले चामलका लागि नेपाली अधिकांश जातका धानहरु खरिद गर्दैनन्, जुन प्रविधिबाट चिसो धान नै भए पनि खरिद गरी व्यवस्थापन गर्न सकिने थियो ।

कृषकहरुले भिजेको, लडेको धानलाई आफ्नै खपतका लागि व्यवस्थापन गर्नुपर्ने हुनसक्छ । धान र परालको राम्रो मूल्य प्राप्त गर्ने र मेसिनहरुको प्रयोग बढी हुने एवं कृषकहरुले मन पराएको सावित्री धानको चितवनमा गरिएको लाभ लागत विश्लेषणको अनुपात जम्मा १.२७ मात्र देखिन्छ । यदि पराल मात्र बिग्रियो भने पनि कृषक घाटामा जान्छन् । काटेर सुकाएको र ढलेको धानको पराल बिग्रने र कृषक घाटामा जाने निश्चित नै छ ।

मिहिनेती कृषकहरुले ढलेको वा काटेर सुकाएको धानलाई व्यवस्थापन गर्न अतिरिक्त श्रम लगाउनु पर्ने हुँदा लागत बढी भइ कृषकहरु मारमा पर्ने हुन्छ । ढलेको धानको गुणस्तर बिग्रन्छ । खेतमै धान उम्रिने, थ्रेसिङ्ग राम्रो नहुने, टुक्रा पर्ने, चामलको रंग र स्वाद बिग्रने आदि समस्या देखा पर्दछन् ।

खाद्यान्न मात्र होइन, बिउका लागि उत्पादन गरिएको धानको पनि गुणस्तर बिग्रन गइ बिउको आयात बढ्ने वा गुणस्तरहीन बिउका कारण आगामी सिजनमा समेत उत्पादनमा ह्रास आउने, धानचामलको आयात बढ्ने भएकोले स्थानीय तहमार्फत भरपर्दो तथ्याङ्क सङ्कलन गरी कृषकमा भएको नैराश्यता कम गर्न तत्काल राहतमुखी कार्यक्रमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

चामल योग्य चैते धानको उत्पादनमा जोड दिइ यस वर्ष देशलाई भएको क्षतिबाट हुने चामलको आयातलाई न्यूनीकरणका प्रयासहरु समयमै चाल्नुपर्ने, क्षति र विपत्तिवाट पाठ सिकी कृषि सूचना प्रणालीको भरपर्दो माध्यमको विकास गरी स्थानीयस्तरमै जानकारी गराउने, कृषकलाई सूचना प्रविधिसँग अभ्यस्त हुने कार्यक्रमहरु कार्यान्वयन गर्ने तथा कृषि प्राविधिक, मौसम विज्ञ र कृषकलाई जोड्ने प्रणाली सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने तट्कारो आवश्यकता छ ।

*नेपाल प्रेसबाट साभार ।*

## ढोरपाटनमा.........

आउने गर्छन् । उनले हिमालयन सफारीबाट मेक्सिकन सिकारीद्वय फ्रान्सिस्को जोसेभिज्कायोले पूर्वी रुकुमको दोगाडी ब्लकमा एक-एक नाउर र झारल तथा कार्लोस गुलिलेर्मो भिज्काइनोले सेङ ब्लेकमा एक-एक नाउर र झारलको सिकार गर्न अनुमति लिएको बताउनुभयो ।

यस्तै हिमालयन वाइल्ड लाइफ फिटरमार्फत आएका रसियाली सिकारी इभ्गेरी सिरोभले बागलुङमा पर्ने सुनदह ब्लकमा एक/एक नाउर र झारलको शिकार गर्ने, ट्याक्स एन्ड ट्रेलबाट आएका युक्रेनी सिकारीहरू सेर्निय लारिनले बागलुङकै गुस्तुङ ब्लकमा एक/एक नाउर र झारल तथा नटालिया लरिनाले गुस्तुङ ब्लकमै एक नाउरको सिकार गर्ने र फ्रान्सेली सिकारीद्वय मालिर्यर बर्नार्डले पूर्वी रुकुममा पर्ने सेङ ब्लकमा एउटा नाउर र अर्का सिकारी विनी एन्थोनीले सेङ ब्लकमा नाउर र फागुने ब्लकमा एउटा झारलको सिकार गर्ने अनुमति लिएको अधिकृत कंडेलले बताउनुभयो । उहाँले शिकारको लागि दुई जनाको एउटा समूह शिकार ब्लक तर्फ लागिसकेको जानकारी दिनुभयो ।

यस वर्ष शिकार खेल्ने दुरी, भौगोलिक अवस्थिति र समयावधिका आधारमा प्रतिनाउर १ लाख ८० हजारदेखि १ लाख ९५ हजार र प्रतिझारल ८० हजारदेखि एक लाख रुपैयाँसम्म बोलकबोल भएको थियो । यसबाहेक लाइसेन्स, ब्लक रिजर्भेसन र समयावधि आदिको थप शुल्क जोड्दा एउटा नाउर सिकारको शुल्क ३ लाख ७५ हजारसम्म पुगेको आरक्ष कार्यालयले जनाएको छ ।

आरक्षणमा बर्सेनि असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई पटक शिकार खुल्छ । पेशेवर विदेशी शिकार कम्पनीका प्रतिनिधिसहितको टोली लिएर हेलिकप्टरमार्फत शिकार खेल्न आरक्षमा पुग्ने गर्छन् । गत बर्ष दुई सिजनमा १८ नाउर र नौ झारलको शिकार भएको थियो ।

आरक्षको फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ, सुर्तिबाङ र सुनदह गरी ७ 'ब्लक' मा शिकार खेल्ने गरिएको थियो । खर्चिला र साहसी शिकारीले विकटमा रहेका 'ब्लक' मा शिकार खेल्न रुची राख्छन् । शिकारीसहितको टोलीले १५ दिन जंगलमै समय बिताउँछन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक शिकार याममा विद्युतिय बोलपत्र आह्वान गरेर शिकारको कोटा र राजश्व दर निर्धारण गर्छ । साहसिक यात्रा र रोमाञ्चक शिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ ।

बागलुङ, रुकुम र म्याग्दी जिल्लाका केही भागमा यो शिकार आरक्ष फैलिएको छ । यहाँ ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । प्रमुख जनावर नाउर, झारल हुन भने हिमाली भालु पनि पाइन्छ । यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत १६४ प्रजातिका चरा पाइन्छन् ।

आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ र घुस्तुङ गरी ७ ब्लकमा विभाजन गरी शिकार खेल्न दिने व्यवस्था गरिएको छ । आरक्षमा व्यवस्थित शिकारको व्यवस्था मिलाइएको कारण राष्ट्रले विदेशी मुद्रा आर्जन गर्न पाएको अधिकृत कंडेलले भनाइ छ ।

पेशेवर विदेशी शिकारीहरुका लागि यो आरक्ष एक प्रमुख गन्तव्य हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले समय समयमा शिकार गरिने मुख्य वन्यजन्तु नाउर र झारलको गणना तथा अनुगमन गरी वार्षिक कोटा निर्धारण गरी प्रतिस्पर्धाको आधारमा शिकार गराउने गर्छ । विं सं. २०४४ सालमा स्थापना भएको आरक्ष एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

## पर्यटन..................

भन्नुभयो-'अहिले चितवन छोडेर गाउँ फर्केर यतै बस्ने सोच बनाएको छु ।' यहाँको प्राकृतिक सुन्दरतालाई व्यवसायिक बनाउन पहल गर्ने उहाँको भनाई छ । दैनिक सयौको संख्यामा आउने पर्यटकलाई लक्षित गरी होटल व्यवसाय सञ्चालन गरेको गौतमले बताउनुभयो ।

धौलागिरि हिमालको आगनमा देखिने सुन्दर बस्ती हो, बागलुङ नगरपालिका-६ भान्सा सिमको गाउँ । विगत एक दशक अघि सुनसान रहेको उक्त गाउँमा अहिले दैनिक चहल पहल हुन्छ । भान्साको बस्तीको शिरमा रहेको पञ्चकोटको कारण पनि यो गाउँको महत्व बढ्दै गएको हो ।

पञ्चकोटमा रहेका मानव निर्मित विशाल मुर्ति र त्यहाँको प्राकृतिक तथा कृतिम पर्यटकीय क्षेत्रको अवलोकन गर्न आउने आन्तरिक तथा बाह्यक पर्यटकको आवगमनले कुनै समय सुनसान भान्सा क्षेत्रमा अहिल पर्यटकको चहल पहल देखिन्छ । पञ्चकोटमा पर्यटकीय संरचना निर्माण भए पछि भान्सादेखि बसाइँसराइँ रोकिएको बानपा-६ का वडा सचिव रुद्रबहादुर केसीले बताउनुभयो ।

'पहिले पहिले यहाँको घरजग्गा बेचेर तराई छिर्ने चलन थियो' उहाँले भन्नुभयो-'पञ्चकोटको चर्चा चुलिए पछि बसाइँ सर्ने क्रम रोकिएको छ । युवा पुस्ताले आफ्नै गाउँमा किसाना पसल, खाजा नास्ता तथा होटल व्यवसाय सञ्चालन गर्न थालेको केसीले बताउनुभयो ।

बादलको घुम्टो हटे पछि भान्साका हरेक घरको छटबाट आँखै अगाडी धौलागिरि हिमालय रेन्ज देखिन्छ । पञ्चकोट पर्यटकीय क्षेत्रको रुपमा विकास भए पछि भान्सा क्षेत्रमा आरसिसि घर बन्न थालेका छन् । कुनै दिन बाँझो जमिन गरी खाने व्यक्ति पाउन कठिन हुने भान्सा क्षेत्रको जग्गा जमिन अहिले घडेरीको रुपमा विक्री हुन थालेको सचिव केसीले बताउनुभयो ।

## एमालेको..............

संयोजकमा बुद्धि कार्की चयन हुनुभएको छ ।

यस्तै वडा नम्बर ८ लेखानीको वडा कमिटी अध्यक्षमा डम्बरसिंह घर्ती निर्वाचित हुनुभएको छ । कमिटीको उपाध्यक्षमा बासुदेव कंडेल, सचिवमा पुर्ण बहादुर पुन, उपसचिवमा देवबहादुर श्रीस र कल्पना श्रीस चयन हुनुभएको छ । भेलाले लिल बहादुर विकको संयोजकत्वमा १३ सदस्य युवा संगठन गठन गरेको छ । संगठनको सहसंयोजकमा प्रेम पुन, सदस्यहरुमा कमल कुमार बस्याल, सन्तोष वि.क., दल बहादुर विक, धन बहादुर विक, पूर्ण बहदुर विक, चन्द्र बहादुर क्षेत्री, साजन गौतम, भविलाल सुनार, इन्द्र बहादुर पुन, सुदिप क्षेत्री र पूर्ण बहादुर विक रहेका छन् ।

**निसीखोलाका पाँच वडामा सर्वसम्मत**

निसीखोला गाउँपालिकाको ७ वडा मध्य पाँच वडामा मात्र नेतृत्व चयन भएको छ ।

निसीखोला गाउँपालिका वडा नम्बर २ मा भीम बहादुर कुँवर, वडा नम्बर ३ मा दिपक चन्द, वडा नम्बर ४ मा मनहरी पौडेल र वडा नम्बर ५ मा रुविन मगर र वडा नम्बर ७ मा खुमन थापाको नेतृत्वमा सर्वसम्मत नयाँ कमिटी चयन भएको हो । वडा नम्बर १ र वडा नम्बर ६ मा यो समाचार तयार पार्दासम्म कमिटी चयन भएको छैन ।

**ढोरपाटन नगरपालिकाको ९ नम्बर वडा बाहेक अन्यमा सर्वसम्मत**

ढोरपाटन नगरपालिकाको ९ नम्बर वडा बाहेक अन्यमा सर्वसम्मत नयाँ कमिटी चयन भएको छ ।

ढोरपाटन नगरपालिका वडा नम्बर १ मा सुरज विक, वडा नम्बर २ मा फारम कुँवर, वडा नम्बर ३ लिलाजंग छन्त्याल, ४ मा उमेश विक, वडा नम्बर ५ मा शिवराज कँडेल, वडा नम्बर ६ मा ज्ञानिन श्रीपाली, वडा नम्बर ७ मा अम्मर बुढा मगर चयन, ८ मा चुनाबहादुर घर्ती चयन हुनुभएको छ । वडा नम्बर ९ मा सर्वसम्मतको प्रयास भइरहेको जिल्ला सचिव भुषालले जानकारी दिनुभयो ।

**जैमिनी नगरपालिकामा २ वटा वडामध्य अन्यमा सर्वसम्मत**

जैमिनी नगरपालिकाको २ वडा वडा मध्य अन्यमा सर्वसम्मत नेतृत्व चयन भएको छ ।

जैमिनी नगरपालिका वडा नम्बर १ मा चन्द्र बहादुर थापा, २ मा नाम देउ शर्मा, ३ मा मोहन छन्त्याल थापा, ५ मा कृष्ण बहादुर हमाल, ७ मा हिरामणि चालिसे, ८ मा कुल बहादुर पुन, ९ मा गिरी प्रसाद शर्मा, १० मा छविलाल श्रीसको नेतृत्वमा नयाँ कमिटी चयन भएको छ । वडा नम्बर ४ र ६ मा आकांक्षीहरु धेरै भएकोले सर्वसम्मत गराउने प्रयास भइरहेको बताइएको छ ।

**गल्कोटमा सवै वडामा सर्वसम्मत**

गल्कोट नगरपालिकाको ११ वटै वडामा सर्वसम्मत नेतृत्व चयन भएको छ ।

वडा नम्बर १ मा खिमबहादुर भण्डारी, वडा नम्बर २ मा टंक कार्की, वडा नम्बर ३ मा शन्त पन्त, वडा ४ मा धनबहादुर खड्का, वडा नम्बर ५ मा दलबहादुर काउचा, वडा नम्बर ६ मा निमबहादुर निउरे 'मिलन', वडा नम्बर ७ मा हेमबहादुर बस्ने, वडा नम्बर ८ मा नरहरि घिमिरे, वडा नम्बर ९ मा चन्द्रमणि गौतम, वडा नम्बर १० मा रामप्रसाद पुन र वडा नम्बर ११ मा दुधबहादुर विकको नेतृत्वमा नयाँ कमिटी चयन भएको छ ।

**बडिगाड गाउँपालिकाका सवै वडामा सर्वसम्मत**

जिल्लाको बडिगाड गाउँपालिकाको सबै वडामा सर्वसम्मत नेतृत्व चयन भएको छ । वडा नम्बर १ मा रेमबहादुर भुजेल, वडा नम्बर २ मा खगिश्वर अर्याल, वडा नम्बर ३ मा गोपीराम काउचा, वडा नम्बर ४ मा अणराम छन्त्याल, वडा नम्बर ५ मा ध्रुब घिमिरे, वडा नम्बर ६ मा फौज केसी, वडा नम्बर ७ मा गंगा गुरुङ, वडा नम्बर ८ मा भीमबहादुर बलाल, वडानम्बर ९ मा दिपक केसी र वडा नम्बर १० मा गुन्ज बुढाको नेतृत्वमा नयाँ कमिटी चयन भएको छ ।

**ताराखोला गाउँपालिकाको सबै वडामा सर्वसम्मत**

ताराखोला गाउँपालिकाको सवै वडामा सर्वसम्मत नयाँ कमिटी चयन भएको छ । ताराखोला गाउँपालिका वडा नम्बर २ मा १ मा लालमणी श्रीस, २ मा कृष्णप्रसाद गौतम, ३ मा भीमबहादुर घिमिरे, ४ मा नरबहादुर खत्री र ५ मा प्रेमबहादुर रोका अध्यक्षमा निर्वाचित हुनुभएको छ ।

**बरेङको १ नम्बर वडामा मात्रै नेतृत्व चयन**

बरेङ गाउपालिकाको एक वडामा मात्रै नयाँ कमिटी चयन भएको छ । बरेङ गाउँपालिका वडा नम्बर १ मा होम बहादुर छन्त्यालको नेतृत्वमा सर्वसम्मत नयाँ कमिटी चयन भएको हो । अन्य वडामा अधिवेशन सुरु नभएको सचिव भुसालले जानकारी दिनुभयो ।

**तमानखोलामा आज ( आईतबार)देखि अधिवेशन**

तमानखोला गाउँपालिकामा भने आज ( आइतबार)देखि अधिवेशन सुरु हुने भएको छ । सचिव भुसालले तमानखोलामा आज (आईतबार) देखि अधिवेशन सुरु हुने जानकारी दिनुभयो ।

**यस जननिगरानी साप्ताहिक पत्रिकामा तपाईहरुका लेख, रचना, कविता लगायत साहित्य सामाग्रीहरू प्रकाशित गर्न चाहनुहुन्छ भने पत्रिकाको**
Email: jananigrani.bgl@gmail.com
**मा मेल गर्न सक्नुहुन्छ ।**

